# कोहलपुर राजपत्र

**खण्ड ५) कोहलपुर, श्रावण ०४ गते २०७८ साल, संख्या-०२**

**भाग-१**

## कोहलपुर नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकाको नवौं नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७८ सालको ऐन नं. ०२

### कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, बाँके

## विनियोजन ऐन-२०७८

**सभाबाट स्वीकृत मिति : २०७८/०३/२८**

**प्रस्तावना** : कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कोहलपुर नगरपालिकाको नवौं नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम कोहलपुर नगरपालिकाको विनियोजन ऐन, २०७८ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूचि-१** मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी कुल जम्मा रकम १,३२,५३,२८,३८५ (अक्षेरुपी रुपैयाँ एक अर्ब बत्तिस करोड त्रिपन्न लाख अठ्ठाइस हजार तिन सय पचासी मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ का निमित्त कोहलपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानि खर्च र व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्य चालुखर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानि खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनूसुची-१
(दफा २ संग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संचित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिकाको कार्यालय | ५६८,६४२,०७०।० | ६१६,१६४,३१५।० | २,०००,०००।० | १,१८६,८०६,३८५।० |
| ३ | | विषयगत शाखा | ४५,११२,०००।० | ४,७१०,०००।० | ० | ४९,८२२,०००।० |
| ४ | | वडा कार्यालय | ६,२००,०००।० | ८२,५००,०००।० | ० | ८८,७००,०००।० |
| कुल जम्मा | | | ६१९,९५४,०७०।० | ७०३,३७४,३१५।० | २,०००,०००।० | १,३२५,३२८,३८५।० |

**प्रमाणिकरण मिति :- २०७८/०४/०३**

**आज्ञाले**
टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत